बाणगङ्गा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## आयुर्वेद शाखा

बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या: ०८३/८४
चलानी नं.:

मिति: २०८३-०४-२६

## सूचना! सूचना!! सूचना!!!

रोग प्रतिरोधात्मक क्षमता बढाउने, बुद्धिबर्धक एवं शारीरिक बृद्धि र मानसिक विकास गराउने उद्वेश्यले सञ्चालन गरिएको स्वर्णबिन्दु प्राशन खुवाउने कार्यक्रम तपसील बमोजिम मिति, समय र स्थानमा राखिएको व्यहोरा सम्पूर्ण अभिभावकज्यूहरूमा जानकारीका लागि अनुरोध छ।

**तपसील:**

**मिति:** २०८३ साउन २७ गते बुधवार
**समय:** बिहान ६:०० बजेदेखि १०:०० बजेसम्म
**स्थान:** बाणगङ्गा न.पा.-८, बोर्डगाउँ/आयुर्वेद/जलेश्वर मन्दिर

**महत्वपूर्ण जानकारीहरु**

१. **बालबालिकाका लागि स्वर्णबिन्दु प्राशन कार्यक्रम सञ्चालन निर्देशिका २०८२** अनुसार १ वर्षदेखि ५ बर्षसम्मका बालबालिकाहरुलाई मात्र स्वर्णबिन्दु प्राशन खुवाउने मापदण्ड रहेको हुँदा सो अनुसार हुने व्यहोरा सम्पूर्ण अभिभावकज्यूहरुमा जानकारीका लागि अनुरोध छ।
२. स्वर्णबिन्दु प्राशन पश्चात आधा घण्टा सम्म खाना / दूध खुवाउनु हुँदैन।
३. कुनै दुष्प्रभाव देखिएमा चिकित्सकसँग तुरुन्त सल्लाह लिन अनुरोध छ।
४. ज्वरो, अपच, झाडा पखाला, आउँ,रुघाखोकी, सर्दी मर्की भएमा बालबालिकालाई खुवाउन हुँदैन। ठिक भएपछि मात्र अर्को पल्ट ल्याउनुहोला।
५. हालसम्म औषधालयबाट १४ पटक स्वर्णबिन्दु प्राशन गराउँदा बालबालिकाहरुमा रुघाखोकी कम लागेको, ज्वरो आउने दरमा कमी, बच्चाको बोली फुटेको आदि जस्ता सकरात्मक परिवर्तन आएको अभिभावकहरुबाट प्रतिक्रिया आएकोले आफ्ना १ बर्षदेखि ५ बर्षसम्मका बालबालिकाहरुलाई स्वर्णबिन्दु प्राशन कार्यक्रममा सहभागी गराई मौकाको फाइदा उठाउन हुन हार्दिक अनुरोध छ।

**थप विस्तृत जानकारीका लागि:** ९८४७०६२४५९ (सूचना अधिकारी: अनुपमा पराजुली)
९८५७०५३१८८ (आयुर्वेद शाखा प्रमुख: तेजवहादुर सोमै)